# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले परीक्षणको रुपमा संवत् २०७९ साल जेठ १ गतेदेखि लागू हुने गरी हप्तामा दुई दिन बिदा दिने सम्बन्धी गरेको निर्णय खारेज गरी संवत् २०७९ असार १ गतेदेखि लागू हुने गरी देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) आइतबारदेखि बिहीबारसम्म कार्यालय समय बिहान १०.०० बजेदेखि अपराह्न ५.०० बजेसम्म हुने,
तर कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म कार्यालय समय बिहान १०.०० बजेदेखि अपराह्न ४.०० बजेसम्म हुने ।

(ख) शुक्रबार कार्यालय समय बिहान १०.०० बजेदेखि अपराह्न ३.०० बजेसम्म हुने,

(ग) खण्ड ७२, सङ्ख्या ८, मिति २०७९।१।२६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित हप्तामा दुई दिन बिदा दिने सम्बन्धी गृह मन्त्रालयको सूचना खारेज गर्ने ।

**आज्ञाले,**
**टेकनारायण पाण्डे**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।